# कुन खेल खेल्ने



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

पहिलो संस्करण : २०७४

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा यो सामग्री प्रकाशन भएको हो। यसमा रहेका सामग्रीले युएसएआईडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिबिम्बित गर्दैनन्। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ।

# कुन खेल खेल्ने



लेखक
ध्रुव घिमिरे

चित्राङ्कन कर्ता
रिड मिडिया

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
शिक्षा मन्त्रालय



आज दसैँको टिकाको दिन हो। अहिले ऊ गीत गाउँदै पिङ खेल्दै छे –

“सररर साइत, खेल्न कति काइदा

मिलीजुली खेल्दा, हुन्छ सबलाई फाइदा..”

ऊ काका, काकी, भाइ, बहिनीको बाटो पनि हेर्दै छे।



"दिदी ! दिदी ! म पनि पिङ खेल्छु", सुशीलाको भाइले भन्यो । "पख है बाबु !" सुशीलाले भनी । ऊ पिङबाट ओर्ली । उसले आफ्नो प्यारो भाइलाई पिङमा राखेर हल्लाइदिई । भाइ पनि रमायो । भाइको नाम सुशील हो ।




“नानी ! नानी ! पानी ले त ।” हजुरआमाले भन्नुभयो । “हस्” भन्दै सुशीला घरभित्र पसी । भित्रबाट पानी ल्याएर हजुरआमालाई चम्चाले खुवाइदिई ।



केही बेरपछि उसका काका, काकी आउनुभयो । भाइ बहिनी पनि आए । सबै काका, दाइ, भाइले हजुरआमा, हजुरबालाई ढोगे ।



केटाकेटीहरू हजुरबासँग झ्याम्मिए। सबैले आआफ्नो परिचय दिए। हजुरबालाई रमाइलो गर्न मन लाग्यो। उहाँले भन्नुभयो, “स्कुल जान थालि नसकेका जति जिरे खुर्सानी। स्कुलमा पढ्न थालेका समुह चाहिँ अकबरे खुर्सानी है त।”



सबै जना हाँसे । त्यसपछि सबै जना पिङ खेल्न आए । "म पहिले खेल्ने । म पहिले खेल्ने" भनी झगडा गर्न थाले । "पहिले जिरे खुर्सानीले खेल्ने । एउटाले दस पल्टसम्म खेल्ने । त्यसपछि अकबरेको पालो", हजुरबाले भन्नुभयो । सबै जना लाम लागेर बसे । सबैले पालै पालो पिङ खेले ।



अब अर्को खेल खेल्ने बेला भयो। सबै आफूलाई मन परेको खेल नै अरूले पनि खेल्नुपर्छ भन्दै थिए। "पहिले लुकामारी खेल्ने", एउटाले भन्यो। "होइन होइन रेल बनी खेल्ने", अर्कोले भन्यो। सबै आआफ्नै कुरामा ढिपी गर्न लागे। "लुकामारी खेल्ने जति हात उठाऊ", एउटाले भन्यो। लुकामारी खेल्नेले हात उठाए। एक, दुई, तिन हात उठे।



“रेल बनी खेल्नेले हात उठाओ” अर्कोले भन्यो । चार जनाले हात उठाए । रेल बनी खेल्ने धेरै भए । रेलको माउ सुशीला बनी । ऊ सबैभन्दा अगाडि थिई । उसको पछाडि जिरे र अकबरे लाम लागेर बसे । सबैले अगाडिको मानिसलाई समाते । सुशीलाले ओठमा हात राखी । ऊ रेलले जस्तै कराउन थाली । उसले हिंड्दै भनी –


“रेल गाडी छक्–छक्–छक्, धेरै नगर बक्–बक्–बक्
आफ्नो मात्रै कुरा नगर्, अरूको पनि सुन्ने गर् ..”



खेले पछि उनीहरू खाना खाई सुते। भोलिपल्ट बिहान उज्यालो भयो। उठ्नेहरू शौचालय अगाडि लाम लागे। “म सु गर्छु। सु फुस्किनै आँट्यो” एउटा अकबरेले आँखा मिच्दै भन्यो। “हुँदैन हुँदैन मेरो पालोमा म दिन्नँ।”, सबैले भने। उसलाई कसैले पनि अगाडि जान दिएन। अकबरे रुन थाल्यो।



सुशीला शौचालयभित्र पसेकी मात्र थिई । ऊ फर्केर आई । उसले त्यस अकबरेलाई पहिले शौचालय जान दिई । ऊ आफूचाहिँ सबैभन्दा पछाडि गएर उभिई । “स्याबास्। अरूको मर्का पनि बुझ्नुपर्छ”, हजुरबाले भन्नुभयो।



सबै जना पालैपालो शौचालय गए । सबैले पालोअनुसार नै हातमुख धोए । बुरुस गरे । पालैसँग नुहाए पनि ।

सुशील ढिलै उठ्यो। सबैले उसलाई खसी काट्न लागेको कुरा बताए। खसी र सुशील सँगै खेल्थे। सुशील खसीलाई 'मने' भन्थ्यो। खुब माया गर्थ्यो। "हुँदैन मेरो मनेलाई छ्याक्क गर्न हुँदैन। म दिन्नँ", उसले खसीलाई अँगालो हाल्यो। उसलाई सबैले सम्झाए। उसले मान्दै मानेन। उसले खसीलाई छोड्दै छोडेन। सुशीलको जिद्दीको अगाडि कसैको केही लागेन। खसी नकाट्ने टुङ्गो भयो।





सुशील रुँदै थियो। "ल सुन दसैंको कथा", हजुरबाले उसलाई काखमा लिँदै भन्नुभयो। सबै जना उहाँको वरिपरि आए। उहाँले कान्छी औँलाबाट बुढी औँला तिर छुँदै भन्नुभयो–

"दसैं आयो, खाउँला पिउँला।
कहाँ पाउँला ? चोरी ल्याउँला।
चोर्न हुँदैन, बरु छुट्टै बसौंला।"

सबै जना यही गीत गाउन थाले।



एक छिनपछि टिका लगाउने बेला भयो। सबैले हजुरआमा र हजुरबाको हातबाट टिका, जमरा लगाए।



हजुरबाले सबैलाई दक्षिणा र खानेकुरा दिनुभयो । सबै खुसी भए ।